प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**कर्णाली प्रदेश**
वीरेन्द्रनगर, सुर्खेत नेपाल

## आप्रवासन सहायता कक्ष/ परामर्श केन्द्र संचालन सम्बन्धी कार्य विवरण

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वैदेशिक रोजगारमा जाने युवाहरुलाई वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने सजगता, प्रक्रिया आदिका बारेमा जानकारी दिने, सचेतना दिने, परामर्श सेवा दिने उद्देश्यले प्रदेशका १० वटै जिल्ला र नेपाल भारत सिमानामा तथा नेपाल चीन सिमानामा सुरक्षित आप्रवासन सहायता कक्ष/ परामर्श केन्द्र संचालन गर्नका लागि उक्त केन्द्रबाट प्रवाह गरिने सेवाको कार्य प्रकृतिका आधारमा कार्य विवरण तयार गरिएको छ ।

१. **सहायता कक्ष/ परामर्श केन्द्र संचालन गर्ने स्थानः** जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्ला प्रशासन कार्यालयको हाताभित्र वा तोकिएको स्थानमा र सुर्खेत जिल्लाको वीरेन्द्रनगरको वस पार्कमा
२. **कार्यावधिः** २०७६ फागुनदेखि २०७७ असार मसान्त सम्म
३. **आवश्यक पूर्वाधारहरुः** सहायता कक्ष संचालन गर्ने स्थानमा एक कार्यालय संचालन गर्नका लागि कोठा, एक सेट टेबुल कुर्सी, कर्मचारी (परामर्श सेवा प्रदान गर्ने ब्यक्ति) अर्थात सहायता कक्ष संचालनका लागि आवश्यक पर्ने पूर्वाधार, जनशक्ति, विद्युतीय उपकरण तथा अन्य सामग्रीको ब्यवस्था गर्ने ।
४. सेवा प्रदायक संस्थाले सहायता कक्षबाट जिल्ला प्रशासन कार्यालयमा राहदानी (पासपोर्ट) लिन आउने, नागरिकता बनाउन आउने सेवाग्राही तथा कामको खोजीमा भारत जाने लगायत अन्य सरोकारवाला ब्यक्तिलाई सुरक्षित आप्रवासन सम्बन्धमा सचेतना, राय परामर्श सहितको सेवा प्रदान गर्ने ।
५. परामर्श सेवा प्रदान गर्ने ब्यक्ति/ कर्मचारीको नियुक्ति गर्ने, सेवा सुविधा दिने कार्य सेवा प्रदायक संस्थाले गर्नु पर्नेछ । यस्तो सेवा प्रदान गर्ने ब्यक्ति वैदेशिक रोजगार सम्बन्धी ऐन, नियम, नीति, प्रक्रियाका बारेमा जानकार भएको हुनु पर्ने र सम्भव भएसम्म महिला कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ ।
६. सहायता कक्षमा सेवा लिन वा सोधपुछ/ जानकारी लिन आउने नागरिकलाई सम्मानजनक ब्यवहार गर्ने । रजिष्टरमा वा कम्प्यूटरमा अभिलेख राख्नु पर्नेछ ।
७. सहायता कक्षमा आवश्यक पर्ने जनशक्ति (कर्मचारी), उपकरण, विद्युत, टेबुल, कुर्सी, आवश्यकता अनुसार स्टेशनरीको ब्यवस्था गर्ने ।
८. वैदेशिक रोजगारमा संलग्न हुन इच्छुक जनशक्तिको अवस्थाको विश्लेषण गर्नु पर्नेछ ।
९. सुरक्षित आप्रवासन सम्बन्धी जानकारीमूलक/ सन्देशमूलक पुस्तिका, ब्रुसर, पोष्टर, पम्प्लेट छपाई गर्ने र वितरण तथा प्रचार प्रसार गर्नु पर्नेछ । उपयुक्त तथा सर्वसाधारणले देख्ने गरि जानकारीमूलक सन्देशहरुको होडिङ्ग बोर्ड राख्नु पर्नेछ ।
१०. मन्त्रालयबाट उपलब्ध हुने टिभी/ मोनिटर/ स्क्रिन मार्फत डिजिटल माध्यमबाट/ कार्यकक्षमा सुरक्षित आप्रवासन सम्बन्धी चेतना/ जानकारीमूलक सूचना, सन्देश, नाटक, डकुमेन्ट्री, भिडियो, चलचित्र, वृत्तचित्र, टेलिफिलम प्रसारण गर्ने। यस्ता सामग्रीको ब्यवस्थापन, खोज सेवा प्रदायक संस्था आफैले गर्नु पर्नेछ ।

११. सेवा प्रदायक संस्थाले मासिक रुपमा (प्रत्येक महिनाको ७ गतेभित्र) प्रतिवेदन पेश गर्नु पर्नेछ । (प्रतिवेदनमा सेवा प्रदान गरिएको कुल संख्या महिला पुरुष सहित, जिल्लागत, उमेर समूह अनुसार, भारत जाने, तेश्रो मूलक जाने, रोजगारीकै लागि जाने र अन्य कार्यका लागि जाने विवरण छुट्टिने गरी)

१२. रोजगारीका लागि भारत तथा अन्य मुलक तर्फ जाने मानिसहरु नियमित रुपमा जाने आउने गरेका हुन वा पहिलो पटक जाँदै छन भन्ने बुझि अभिलेख राख्ने र कसैको भनाईमा लागेर जान लागेको हो वा आफुले राम्रोसंग बुझेर जान लागेको बुझि शंकास्पद लागेमा नेपाल प्रहरीमा समन्वय गरि मानव वेचविखन, ओसार पसार जस्ता गलत क्रियाकलापको नियन्त्रण गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

१३. जिल्ला प्रशासन कार्यालयको प्रत्यक्ष निगरानी तथा सामाजिक विकास मन्त्रालय र श्रम तथा रोजगार कार्यालयको निर्देशन, निगरानीमा सम्बन्धित स्थानीय तहको समन्वयमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

१४. सेवा प्रदायक संस्थाले मन्त्रालयको स्वीकृत कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, निर्देशिका र कर्णाली प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका बमोजिम खर्चको स्रेस्ता पेश गर्नु पर्नेछ ।

१५. मन्त्रालयबाट आवश्यक्ता अनुसार थप गरिएको कार्यविवरण तथा समय समयमा दिएको निर्देशन, सल्लाह सुझावको पालना गर्नु सेवा प्रदायक संस्थाको कर्तब्य हुनेछ ।

१६. वार्षिक प्रतिवेदन समेत तयार गरी श्रावण महिनाको ७ गते भित्र नै मन्त्रालयमा पेश गर्नु पर्नेछ ।